विषय :- **चमेना गृह सञ्चालन सम्बन्धी टेण्डर आह्वान सूचना।**

उपरोक्त बिषयमा यस स्कुलमा अध्ययनरत व्यवस्थापन संकायका तर्फका विद्यार्थीहरूलाई आ.व. २०८३/०८४ साल का लागि बिहानको खाजा तथा अन्य समयमा विद्यालयमा आवश्यक खाना/खाजाको व्यवस्थापनको लागि विद्यालय परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक, कानुनबमोजिम दर्ता भएका फर्म, कम्पनी, सहकारी संस्था वा योग्य व्यक्तिहरूबाट देहायका सर्तहरूको अधीनमा रहि सिलबन्दी दरभाउपत्र (टेण्डर) आह्वान गरिन्छ।

**प्रस्तावहरू:-**

दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीले देहायका कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः-

- ✓ आवश्यक भएमा स्थायी लेखा नम्बर (PAN)/भ्याट दर्ता प्रमाणपत्र।
- ✓ सम्बन्धित निकायमा दर्ता भएको फर्म/कम्पनी/संस्था वा व्यवसायी।
- ✓ कर चुक्ता प्रमाणपत्र (लागू हुने अवस्थामा)।
- ✓ खाद्य व्यवसाय सञ्चालनसँग सम्बन्धित आवश्यक अनुमति तथा अनुभवलाई प्राथमिकता दिइने।

- ❖ सूचना प्रकाशन भएको मितिले ०७ (सात) दिनभित्र अर्थात् मिति २०८३।०४।१४ गते कार्यालय समयभित्र स्टोर शाखा बाट फाराम खरिद गर्न सकिने छ।
- ❖ टेण्डर फाराम दस्तुर रू. १,०००।– (अक्षेरूपी रू. एक हजार रूपैंया मात्र)
- ❖ प्रस्ताव दर्ता गर्ने अन्तिम मिति २०८३।०४।१५ गते १२:०० बजे भित्र।
- ❖ तोकिएको म्याद भित्र दर्ता हुन आएका प्रस्तावहरू मिति २०८३।०४।१५ गते १५:०० बजे नेपाल पुलिस स्कुल साँगा, काभ्रेपलाञ्चोकमा खोलिने छ। सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सो स्थान र समयमा प्रस्ताव खोलिने छ।
- ❖ ठेक्का अवधि सम्झौता सम्पन्न भएको मिति देखि २०८४ असार मसान्त सम्मको लागि हुने छ। कार्यसम्पादन सन्तोषजनक भएमा संस्थाको निर्णयअनुसार नवीकरण गर्न सकिने छ।
- ❖ ठेक्का स्वीकृत भएपछि ठेकेदारले सम्झौताअनुसार तोकिएको धरौटी/जमानत रकम बुझाउनु पर्नेछ। चमेना गृहमा बिक्री गरिने सम्पूर्ण खाद्य तथा पेय पदार्थ ताजा, गुणस्तरीय, स्वच्छ तथा प्रचलित खाद्य सुरक्षा मापदण्ड अनुसार हुनु पर्ने छ।
- ❖ म्याद नाघेका, गुणस्तरहीन, स्वास्थ्यका लागि हानिकारक वा प्रतिबन्धित खाद्य सामग्री बिक्री गर्न पाइने छैन।
- ❖ खाद्य पदार्थको मूल्यसूची संस्थाको स्वीकृतिपछि मात्र लागू हुने छ। स्वीकृत मूल्यभन्दा बढी शुल्क लिन पाइने छैन।
- ❖ चमेना गृह परिसर, भान्सा, भाँडाकुँडा तथा वरपरको वातावरण सधैं सफा र व्यवस्थित राख्नु पर्नेछ।
- ❖ सञ्चालनका क्रममा निस्कने फोहोरको उचित व्यवस्थापन ठेकेदार स्वयंले गर्नुपर्ने छ।
- ❖ चमेना गृहमा कार्यरत कर्मचारीले सफा पोशाक, व्यक्तिगत सरसफाइ तथा आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने छ।
- ❖ संस्थाले तोकेको समयभित्र नियमित रूपमा चमेना गृह सञ्चालन गर्नुपर्ने छ। बिना जानकारी सेवा बन्द गर्न पाइने छैन।

- संस्थाको लिखित स्वीकृतिबिना ठेक्का अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण (Sub-contract) गर्न पाइने छैन।
- चुरोट, सुर्तीजन्य पदार्थ, मदिराजन्य पदार्थ, लागूऔषध वा कानुनले निषेध गरेका वस्तुहरूको बिक्री तथा प्रयोग गर्न पाइने छैन।
- चमेना गृहमा शान्त, सभ्य र अनुशासित वातावरण कायम राख्नु पर्ने छ।
- विद्युत तथा अन्य सेवा सुविधाको शुल्क सम्झौताअनुसार सम्बन्धित पक्षले व्यहोर्नु पर्ने छ।
- संस्थाको सम्पत्ति, फर्निचर, उपकरण वा अन्य सामग्रीमा क्षति पुगेमा ठेकेदारले क्षतिपूर्ति गर्नु पर्ने छ।
- संस्थाले आवश्यक ठानेमा जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्ने छ। अनुगमनका क्रममा दिइएका निर्देशन पालना गर्नु पर्ने छ।
- खाद्य गुणस्तर, सरसफाइ वा सेवासम्बन्धी गुनासो पटक–पटक आएमा संस्था सम्झौता रद्द गर्न सक्नेछ।
- सम्झौताको कुनै पनि सर्त उल्लङ्घन भएमा संस्थाले आवश्यक कारबाही गरी सम्झौता एकपक्षीय रूपमा रद्द गर्न सक्नेछ तथा धरौटी जफत गर्न सक्ने छ।
- ठेक्का अवधि समाप्त भएपछि संस्थाको सम्पत्ति सुरक्षित अवस्थामा फिर्ता बुझाउनु पर्ने छ।
- कुनै विवाद उत्पन्न भएमा प्रचलित नेपाल कानुन तथा सम्बन्धित संस्थाको निर्णय अनुसार समाधान गरिने छ।
- कुनै वा सबै टेण्डर स्वीकार वा अस्वीकार गर्ने तथा आवश्यक परे टेण्डर प्रक्रिया रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
- सम्झौता अवधी सम्झौता भएको मिति देखि २०८४ साल असार मसान्त सम्मको लागि हुने छ।
- चमेना गृह सञ्चालनसम्बन्धी सम्पूर्ण नियम तथा सर्तहरू टेण्डर फाराममा उल्लेख भए बमोजिम लागू हुने छन्।
- थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

NEPAL POLICE SCHOOL
SANGA 2040 KAVRE
DISCIPLINE DIGNITY DECORUM